मिति: २०८१ जेठ २

## नेपाल सरकारको आगामी आर्थिक वर्ष २०८१/ ८२ को वार्षिक नीति तथा कार्यक्रममा बाल पोषण भत्ताको विस्तार र रकम बृद्धिका लागि सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको अपिल ।

नेपाल सरकारको आगामी आर्थिक वर्ष २०८१/ ८२ को वार्षिक नीति तथा कार्यक्रम सम्मननीय राष्ट्रपति रामचन्द्र पौडेलबाट संघीय संसद्को दुबै सदनको संयुक्त बैठकमा मिति २०८१ साल जेठ १ गते प्रस्तुत गर्नुभएको हामी सबैलाई अवगतनै छ। सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा सामाजिक सुरक्षाका केहि महत्वपूर्ण सवालहरु पनि समावेश भएका छन्। यसका लागि सञ्जालको तर्फबाट नेपाल सरकारलाई हार्दिक धन्यवाद ब्यक्त

नेपाल सरकारले हाल प्रदान गर्दै आईरहेको पाच वर्ष मुनिका बालबालिकाको लागि बाल पोषण भत्ता ( देशभरका दलित बालबालिका र २५ जिल्लाका बालबालिकाका लागि प्रदान गरिदै आएको रु ५३२) सबै जिल्लामा विस्तार गर्ने तथा हाल प्रदान गरिदै आएको रकम बद्धि गर्ने विषय निति तथा कार्यक्रममा उल्लेख नभएको सन्दर्भमा यस सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको गम्भिर ध्यानाकर्षण भएको छ । बालपोषण भत्ताले बालबालिकाको पोषण सुधारमा सकारात्मक प्रभाव पारिरहेको देखिन्छ । यसले बालबालिकामा राज्यले उल्लेख्य लगानी गर्नुपर्छ भन्ने कुराको पुष्टि गर्दछ। नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू मुताविक सन् २०२५ सम्ममा शून्य बालकुपोषणको राष्ट्रिय लक्ष्य हासिल गर्नका साथै बालबालिकामा लगानी अभिवृद्धि गरी अन्तरपुस्ता गरिबी हस्तान्तरणको क्रमलाई रोकी दिर्घकालीन रूपमा जनसाङ्ख्यिक पुँजी निर्माणमा सहयोग पुऱ्याउन ७७ वटै जिल्लाका पाँच वर्ष मुनिका सबै बालबालिकालाई बालपोषण भत्ता सुनिश्चित गर्दै हाल उपलब्ध रकममा वृद्धि गर्ने विषय निति, कार्यक्रम र बजेटमा समाबेस गर्न आवश्यक पहलकदमीका लागि सम्बन्धीत सबै सरोकारवालाहरुमा हार्दिक अपिल गर्दछौं । सहयोग र पहलकदमीको अपेक्षा सहित धन्यवाद ।

अध्यक्ष
तिलोत्तम पौडेल